श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

सामयिक कर असूल ऐन, २०१२ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले यो आदेश जारी गरेको छ।

(१) आर्थिक वर्ष २०४१।४२ मा आर्थिक वर्ष २०४०।४१ मा लगाइएको दर अनुसार मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ।

(२) इजाजतपत्र प्राप्त गरी सार्वजनिक प्रदर्शन गरिने भिडियोको प्रदर्शनमा प्रवेश शुल्कको शतप्रतिशत मनोरञ्जन कर लगाइने र असूल उपर गरिनेछ।

आज्ञाले,
लोकबहादुर श्रेष्ठ
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## अर्थ मन्त्रालयको

## सूचना

श्री ५ को सरकारले भन्सार ऐन, २०१९ को दफा ९ (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी डेनिस टर्नकी डेयरिज (एस.ई.ए.) प्रा.लि. सिङ्गपुरले श्री आदर्श आजाद माध्यमिक विद्यालय भेलुखेल, भक्तपुरलाई उपहारमा दिएको निम्न विवरणको सामानको आयातमा लाग्ने भन्सार महसूल र बिक्रीकर पूर्ण रूपमा छुट दिने निर्णय गरेकोले यो सूचना प्रकाशित गरेको छ।

मालसामानको विवरण

| मालको नाम | परिमाण | मूल्य (अमेरिकी डलर) |
|---|---|---|
| १. भिडियो क्यासेट रिकर्डर | १ (एक) | ५००।– |
| २. भिडियो टेलिभिजन स्क्रीन | १ (एक) | ६००।– |
| ३. भिडियो क्यामरा | १ (एक) | ५००।– |

आज्ञाले,
कर्णध्वज अधिकारी
श्री ५ को सरकारको सचिव

५२४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।